## कर्णाली प्रदेश सरकारको

# बजेट प्रभावकारिता मूल्याङ्कन




आर्थिक वर्ष २०८१/८२ को

## त्रैमासिक बजेट समिक्षा

तेश्रो त्रैमासिक (माघ-चैत)

स्थानीय सरकार सबलीकरण

Australian Aid

The Asia Foundation

The Australian Government – The Asia Foundation Partnership in Nepal

ऋति फाउन्डेसन

समृद्ध कर्णालीका लागि

# कर्णाली प्रदेश सरकारका
# बजेट प्रभावकारिता मुल्याङ्कन

आर्थिक वर्ष २०८१/८२ को

**त्रैमासिक बजेट समिक्षा**

तेस्रो त्रैमासिक (माघ-चैत)

ऋति फाउन्डेसन

२०८२

**प्रकाशक:**

ऋति फाउन्डेसन

वीरेन्द्रनगर-०८, सुर्खेत, कर्णाली प्रदेश नेपाल
टेलिफोनः (+९७७)-०८३५२१५६४
ईमेलः info@hriti.org
वेबसाइटः www.hriti.org

आवरण तस्बिर/लेआउट र डिजाइनः रविभक्त श्रेष्ठ

@ऋति फाउन्डेसन
यो प्रकाशन अष्ट्रेलियन सरकार, बैदेशिक मामिला तथा व्यापार विभागको सहयोग तथा द एशिया फाउण्डेसन नेपालसँगको साझेदारीमा सञ्चालित स्थानीय सरकार सबलीकरण कार्यक्रमको सहयोगमा प्रकाशित गरिएको हो । यस प्रकाशनमा व्यक्त गरिएका विचारहरूले अष्ट्रेलियन सरकार वा द एशिया फाउण्डेसनको विचारलाई प्रतिनिधित्व गर्दैनन् ।

# विषयसूची


| | |
|---|---|
| *कार्यकारी सारांश* | *क* |
| **१. पृष्ठभूमि** | **१** |
| **२. बजेट तथा कार्यसम्पादन विश्लेषण** | **२** |
| २.१ बजेटको संरचना | २ |
| २.२ निकायगत बजेट विनियोजन | ३ |
| २.३ क्षेत्रगत बजेट विनियोजन | ३ |
| २.४ बजेटको स्रोत | ४ |
| **३. बजेट भर्सेस खर्च विश्लेषण** | **६** |
| ३.१ मासिक बजेट खर्चको प्रवृती | ६ |
| ३.२ तेस्रो त्रैमासिकको बजेट खर्च (माघ-चैत) | ६ |
| ३.३ त्रैमासिक बजेट खर्चको अघिल्ला चार आर्थिक वर्षको तुलना | ८ |
| ३.४ बजेट भर्सेस खर्च (मन्त्रालय/निकाय अनुसार) | ९ |
| **४. बजेट प्रतिवद्धता कार्यान्वयन स्कोरकार्ड** | **१३** |
| **५. चुनौतीहरू** | **१५** |
| **६. सुझावहरू** | **१७** |
| *अनुसूची-१: बजेट स्कोरकार्ड विधि* | *१८* |

# कार्यकारी सारांश

- आर्थिक वर्ष २०८१/८२ को कर्णाली प्रदेश सरकारको मासिक बजेट खर्चको प्रवृत्ति हेर्दा मंसिरसम्म निकै सुस्त र मंसिरदेखि चैतसम्म पनि गुणात्मक रुपमा पुँजीगत खर्च बढ्न सकेको देखिँदैन। प्रदेश सरकारले चैत मसान्तसम्म अर्थात् नौ महिनाको अवधिमा जम्मा २०.९४ प्रतिशत पुँजीगत बजेटमात्रै कार्यान्वयन गरेको छ। तर सो अवधिमा चालु खर्च ३८.४३ प्रतिशत पुगेको छ। प्रदेश सरकार र मातहतका निकायहरुले नौ महिनाको अवधिमा पुँजीगत बजेटको तुलनामा चालु बजेट धेरै मात्रामा खर्च गरेका छन्।
- तेस्रो त्रैमासिक सकिँदा प्रदेश सरकारले समग्रमा ८ अर्ब ६८ करोड ८५ लाख ६ हजार रुपैयाँ खर्च गरेको छ। यस अवधिमा विकस बजेट अर्थात् पुँजीगत खर्च ३ अर्ब ९३ करोड २४ लाख ९६ हजार र चालु खर्च ४ अर्ब ७५ करोड ६० लाख २९ हजार रुपैयाँ खर्च गरेको छ।
- तेस्रो त्रैमासिक अर्थात् माघ देखि चैत मसान्तसम्म समग्रमा ३ अर्ब ९३ करोड ३७ लाख ४५ हजार बजेट खर्च भएको देखिन्छ। यो तीन महिनाको अवधिमा प्रदेश सरकारले २ अर्ब २६ करोड ३१ लाख १७ हजार पुँजीगत बजेट खर्च हुँदा १ अर्ब ६७ करोड १६ लाख २८ हजार चालु बजेट खर्च भएको छ। यो त्रैमासिकमा भने चालु खर्चभन्दा पुँजीगत खर्च केही मात्रामा बढी भएपनि चालु खर्चको तुलनामा विकास बजेट गुणात्मक रुपमा बढी खर्च भएको भने देखिँदैन।
- पहिलो त्रैमासिकमा ४.०६ प्रतिशत पुँजीगत बजेट कार्यान्वयन गरेको प्रदेश सरकारले दोस्रो त्रैमासिकमा सोही हाराहारी अर्थात् ४.८४ प्रतिशत र तेस्रो त्रैमासिकमा भने केहि गति बढाएर १२.०४ प्रतिशत बजेट कार्यान्वयन गरेको देखिन्छ।
- कर्णाली प्रदेश सरकारले विगतका आर्थिक वर्षहरुमा समेत चालु खर्चलाई नियमित दरमा खर्च गरेको देखिन्छ। आर्थिक वर्ष २०७८/७९ देखि २०८१/८२ सम्म आइपुग्दा हरेक आर्थिक वर्षको तेस्रो त्रैमासिकसम्म आइपुग्दा चालु बजेट खर्च बढेको देखिन्छ। जस्तो आर्थिक वर्ष २०७८/७९ मा २७.८ प्रतिशत चालु बजेट तेस्रो त्रैमासिकसम्म खर्च भएकोमा २०७९/८० मा ३२.९६ प्रतिशत, २०८०/८१ मा ३४.९८ र २०८१/८२ मा ३८.४३ प्रतिशत चालु बजेट कार्यान्वयन गरेको देखिन्छ।
- आर्थिक वर्ष २०७९/८० मा चैत मसान्तसम्म २२.१२ प्रतिशत पुँजीगत बजेट कार्यान्वयन भएको थियो। जुन २०७८/७९ पछिका आर्थिक वर्षहरुमध्ये उच्च हो। चार वर्षको बजेट खर्चको अध्ययन गर्दा प्रदेश सरकारको पुँजीगत बजेट खर्च चैत मसान्तसम्म २० प्रतिशतकै आसपासमा रहेको देखिन्छ।
- चार आर्थिक वर्षको तेस्रो त्रैमासिकमा चालु बजेट १३ प्रतिशतको आसपासमा खर्च भएको देखिन्छ भने सो अवधिमा पुँजीगत बजेट १२ प्रतिशतको आसपासमा खर्च भएको देखिन्छ। चालु खर्चको तुलनामा पुँजीगत खर्चको अवस्था तेस्रो त्रैमासिकमा पुगेपछि मात्रै सुधार भएको देखिन्छ। किनभने पहिलो त्रैमासिकमा चालु बजेट ११ प्रतिशतसम्म पुग्दा पुँजीगत बजेट ४ प्रतिशतमै समित थियो।

- आर्थिक वर्ष २०८१/८२ को कुल विनियोजित बजेटको एकतिहाई अर्थात् ३३.३२ प्रतिशत बजेट ओगटेको भौतिक पूर्वाधार विकास मन्त्रालयले तेस्रो त्रैमासिक सकिंदा जम्मा २३  प्रतिशत पुँजीगत बजेट कार्यान्वयन गरेको छ । भौतिक पूर्वाधार विकास मन्त्रालयले तेस्रो त्रैमासिकमा १२.९८ प्रतिशत पुँजीगत बजेट कार्यान्वयन गरेको छ । यस मन्त्रालयले पहिलो र दोस्रो त्रैमासिकको तुलनामा तेस्रो त्रैमासिकमा पुँजीगत बजेट कार्यान्वयनको गति बढाएको छ ।
- प्रदेश सरकारको कुल विनियोजित बजेटमा दोस्रो ठुलो हिस्सा अर्थात् १८.२२ प्रतिशत ओगट्ने सामाजिक विकास मन्त्रालयले तेस्रो त्रैमासिकसम्म २५.११ प्रतिशत पुँजीगत बजेट कार्यान्वयन गरेको छ । यस मन्त्रालयले पहिलो त्रैमासिकमा ९.१५, दोस्रो त्रैमासिकमा ५.७७ र तेस्रो त्रैमासिकमा १०.९१ प्रतिशत पुँजीगत बजेट कार्यान्वयन गरेको हो ।
- कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०८१/८२ को बजेटमा स्थानीय तहहरुले पाउने अनुदानको हिस्सा १५.३९ प्रतिशत थियो । स्थानीय तहहरुले तेस्रो त्रैमासिक अर्थात् चैत मसान्तसम्म ३८.५८ प्रतिशत चालु र पुँजीगत बजेट शून्य खर्च गरेको देखिन्छ । यसले के देखाउँछ भने स्थानीय तहहरुमार्फत खर्च हुने प्रदेशको पुँजीगत बजेट चौथो त्रैमासिकमै केन्द्रीत हुने रहेछ ।

# १. पृष्ठभूमी

कर्णाली प्रदेश सरकारले नेपालको संविधान २०७२ ले व्यवस्था गरेबमोजिम हरेक वर्ष आगामी आर्थिक वर्षको लागि बजेट असार १ गते ल्याउने गर्छ। संघीय सरकारले जेठ १५ गते बजेट ल्याउने गर्छ भने स्थानीय तहहरुले असार १० गतेसम्म बजेट ल्याइसक्नुपर्ने कानूनी व्यवस्था रहेको छ । प्रदेश सरकारको बजेट मूलत संविधानको अनुसुचीमा प्रदेशको एकल र साझा क्षेत्राधिकारभित्र पर्ने विकास र कानून निर्माणको लागि केन्द्रीत हुन्छ। बजेटमा संघीय सरकारबाट प्राप्त विभिन्न अनुदानहरु, आन्तरिक राजश्व लगायतका स्रोतहरु हुन्छन्। यसै अनुसार हाल कर्णाली प्रदेश सरकारले आर्थिक वर्ष २०८१/८२ को लागि ३१ अर्ब ४१ करोड ४१ हजारको बजेट ल्याएको छ । यस विश्लेणमा प्रदेश सरकारले तेस्रो त्रैमासिकमा गरेको बजेट कर्यान्वयनको स्थिति विश्लेषण गरिएको छ।


# २. बजेट तथा कार्यसम्पादन विश्लेषण

आर्थिक वर्ष २०८१/८२ को कर्णाली प्रदेश सरकारको बजेट विवरण तपशिलबमोजिम रहेको छ।

| कुल बजेट | चालु बजेट | पुँजीगत बजेट | वित्तीय व्यवस्था | स्थानीय तहमा वित्तीय हस्तान्तरण |
|---|---|---|---|---|
| रू. ३१ अर्ब ४१ करोड ४१ हजार | रू. ७ अर्ब ५७ करोड ५५ लाख ९२ हजार | १८ अर्ब ७५ करोड ५१ लाख ६८ हजार | रु. २५ करोड | रू. ४ अर्ब ८३ करोड ३५ लाख ८१ हजार |

*स्रोत: बजेट वक्तव्य, आर्थिक वर्ष २०८१/८२, आर्थिक मामिला तथा योजना मन्त्रालय, कर्णाली प्रदेश सरकार*

## २.१ बजेटको संरचना





*स्रोत: बजेट वक्तव्य, आर्थिक वर्ष २०८१/८२, आर्थिक मामिला तथा योजना मन्त्रालय, कर्णाली प्रदेश सरकार*

कर्णाली प्रदेश सरकारको चालु आर्थिक वर्ष २०८१/८२ को बजेटको संरचना हेर्दा सबैभन्दा ठुलो अंश विकास बजेट अर्थात् पुँजीगत बजेट देखिन्छ। कुल बजेटको ५९.७ प्रतिशत पुँजीगत बजेट रहँदा प्रदेशको चालु बजेट २४.१२ प्रतिशत रहेको छ। बजेटको संरचनामा विकास बजेटको हिस्सा ठुलो हुनु सकारात्मक हो। आर्थिक वर्ष २०८१/८२ मा संघीय सरकारको कुल बजेटको १८.९४ प्रतिशत मात्रै पुँजीगत बजेट रहेको छ।

यसले संघीय सरकारको तुलनामा प्रदेश सरकारको प्रशासनिक खर्च कम भएको देखाउँछ। यद्यपी जुन अनुपातमा विकास बजेट विनियोजन गरिएको हुन्छ, सो अनुपातमा यसको कार्यान्वयन आवश्यक हुन्छ। प्रदेश सरकारले कुल विनियोजित बजेटको आधा भन्दा बढी अर्थात् १८ अर्ब ७५ करोड ५१ लाख ६८ हजार बजेटलाइ यहाँको विकासमा प्रभावकारी रुपमा खर्च गर्न सके प्रदेशको विकास र आर्थिक वृद्धिमा महत्वपूर्ण योगदान हुने देखिन्छ।


## २.२ निकायगत बजेट विनियोजन




*स्रोतः बजेट वक्तव्य, आर्थिक वर्ष २०८१/८२, आर्थिक मामिला तथा योजना मन्त्रालय, कर्णाली प्रदेश सरकार*

निकायगत बजेट हेर्दा कर्णाली प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालयमा कुल बजेटको एकतिहाई अर्थात् ३३.३२ प्रतिशत बजेट विनियोजन भएको देखिन्छ। यसबाट प्रदेश सरकार भौतिक पूर्वाधार विकासमा केन्द्रीत भएको देखिन्छ। यस मन्त्रालयअन्तर्गत विशेषगरी सडक र पुल निर्माणमा बजेट केन्द्रीत हुने गर्दछ। प्रदेशको बजेटको दोस्रो ठुलो हिस्सा अर्थात् १८.२२ प्रतिशत बजेट सामाजिक विकास मन्त्रालयको लागि विनियोजन भएको छ। यसअन्तर्गत स्वास्थ्य, शिक्षा र सामाजिक विकासको उपकरणहरु खरिद् र विद्यालयहरुको पूर्वाधार निर्माणको लागि समेत बजेट रहेको हुन्छ। प्रदेश सरकारको दोस्रो पञ्चवर्षीय योजना (आर्थिक वर्ष २०८१/०८२-२०८५/०८६) को दीर्घकालीन उद्देश्य आधारभूत पूर्वाधार निर्माण, शिक्षा, स्वास्थ्य, उत्पादन र रोजगारमा विशेष उपलब्धि हासिल गर्दै तीव्र आर्थिक-सामाजिक विकास गर्ने रहेको छ। प्रदेश सरकारले मन्त्रालयगत बजेट विनियोजन गर्दा प्रदेशको आवश्यकता र पञ्चवर्षीय योजनाहरुलाई आधार बनाउन आवश्यक रहेको छ।।

## २.३ क्षेत्रगत बजेट विनियोजन




*स्रोतः बजेट वक्तव्य, आर्थिक वर्ष २०८१/८२, आर्थिक मामिला तथा योजना मन्त्रालय, कर्णाली प्रदेश सरकार*

कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०८१/८२ मा क्षेत्रगत बजेट विनियोजन अध्ययन गर्दा सबैभन्दा ठुलो हिस्सा अर्थात् कुल विनियोजित बजेटको ३३ प्रतिशत सामान्य सार्वजनिक सेवामा विनियोजन गरेको देखिन्छ। यसअन्तर्गत प्रदेश सरकारले कार्यकारी र विधायिकाको निकाय, आर्थिक तथा वित्तिय र वैदेशिक मामिला, सामान्य सेवा, सामान्य सार्वजनिक सेवामा अनुसन्धान तथा विकास, विभिन्न तहका सरकारहरु वीच हुने सामान्य प्रकृतिको हस्तान्तरण रहने उल्लेख गरेको छ। तर सामाजिक सुरक्षाअन्तर्गत सबैभन्दा कम ०.२४ प्रतिशत बजेट विनियोजन गरेको छ। त्यसैगरी आवास विकास अन्तर्गत पर्ने खानेपानी, सडक, विद्युतीकरण, आवास तथा सामुदायिक सुविधा अन्यत्र उल्लेख नभएको क्षेत्रको लागि २७.८७ प्रतिशत बजेट विनियोजन भएको छ। यसलाई हेर्दा प्रदेश सरकारले यहाँको सडक पूर्वाधार निर्माण, विद्युतिकरण र खानेपानीको क्षेत्रमा बजेटको ठुलो हिस्सा विनियोजन गरेको छ। प्रदेश सरकरको पञ्चवर्षिय योजनाको उद्देश्यसँग  यो प्राथामिकताको तादम्यता रहेको देखिन्छ। यद्यपी, सरकारले "अन्य उल्लेख नभएका क्षेत्र" अन्तर्गत बजेट छुट्याउँदा समस्या देखिन्छ, किनभने त्यो रकम कहाँ खर्च गरिने हो भन्ने स्पष्ट हुँदैन। यस्तो अस्पष्टता हुँदा खर्च ट्र्याक गर्न गाह्रो हुन्छ, दुरुपयोगको जोखिम बढ्छ, र जनताको विश्वास घट्छ। एउटा राम्रो बजेटले प्रत्येक रुपैयाँ कहाँ खर्च हुन्छ भन्ने स्पष्ट देखाउनुपर्छ, ताकि जनताले सरकारलाई जवाफदेही बनाउन सकून् र बजेट वास्तवमै प्राथमिकताका क्षेत्रमा खर्च भइरहेको छ भन्ने सुनिश्चित गर्न सकून्।

## २.४ बजेटको स्रोत


प्रदेश सरकारले आर्थिक वर्ष २०८१/८२ मा विनियोजन गरेको बजेटको आय विवरण तपशिलबमोजिम रहेको छ।

| बजेटको स्रोत | बजेट रु. हजारमा |
|---|---|
| आन्तरिक ऋण | ० |
| वैदेशिक सहायताबाट सञ्चालित हुने कार्यक्रम | १,३३,५० |
| विशेष अनुदान | ६७,२५,०० |
| आन्तरिक राजस्व | ८३,४४,६५ |
| समपूरक अनुदान | १,२८,५०,०० |
| सशर्त अनुदान | ३,७१,५०,०० |
| अघिल्लो वर्ष खर्च नभई बचत भएको रकम | ५,१३,८१,२६ |
| राजस्व बाँडफाँड | ९,३८,५३,०० |
| वित्तीय समानीकरण अनुदान | १०,३६,६३,०० |
| | कुलः ३१,४१,००,४१ |

*स्रोतः बजेट वक्तव्य, आर्थिक वर्ष २०८१/८२, आर्थिक मामिला तथा योजना मन्त्रालय, कर्णाली प्रदेश सरकार*

प्रदेश सरकारको बजेटको सबैभन्दा ठुलो स्रोत संघीय सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान रहेको छ। कुल बजेटमा यस्तो बजेटको हिस्सा ३३ प्रतिशत रहेको छ। दोस्रो ठुलो रकम समेत संघीय सरकारबाट प्राप्त हुने राजश्व बाँडफाँडको रकम २९.८८ प्रतिशत रहेको छ। प्रदेश सरकारको आगामी आर्थिक वर्ष २०८१/८२ को अनुमानित आयको तेस्रो सबैभन्दा

ठुलो हिस्सा चालु आर्थिक वर्ष २०८०/८१ मा खर्च नभई बाँकी रहने अनुमानित रकम रहेको छ। जुन आगामी आर्थिक वर्ष २०८१/८२ का लागि प्रस्तावित कुल बजेटको १६.३६ प्रतिशत रहेको छ। प्रदेशको आन्तरिक आय एकदमै न्यून रहेको छ। प्रदेश सरकारको आर्थिक वर्ष २०८१/८२ को लागि प्रस्तावित कुल बजेटमा आन्तरिक आयको हिस्सा जम्मा २.६६ प्रतिशत मात्रै रहेको छ।





*स्रोतः बजेट वक्तव्य, आर्थिक वर्ष २०८१/८२, आर्थिक मामिला तथा योजना मन्त्रालय, कर्णाली प्रदेश सरकार*

माथीको तथ्यांकबाट प्रदेश सरकारको बजेटको दुई तिहाइभन्दा बढी बजेट संघीय सरकारबाट प्राप्त भएको देखिन्छ। प्रदेशको आतरिक आयको हिस्सा कुल बजेटको २.६६ प्रतिशत मात्रै अनुमान गरिएको छ। यो तथ्यले प्रदेश सरकारको राजस्व संकलन क्षमता कमजोर रहेको देखाउँछ। यसलाई सुधार गरी आन्तरिक राजस्वको मात्रा बढाउनका लागि प्रदेश सरकारले विशेष रणनीति अपनाई काम गर्न आवश्यक देखिन्छ। त्यससँगै बजेटको ठुलो हिस्सा अघिल्लो आर्थिक वर्षमा खर्च नभएको रकम (१६.३६%) रहेको छ। यसले प्रदेश सरकारको बजेट कार्यान्वयन क्षमतामाथी प्रश्न चिन्ह खडा गर्दछ। साथै यो तथ्यांकबाट प्रशासनिक अक्षमता, योजनाको कार्यान्वयनमा ढिलाइ वा नीतिगत अस्पष्टताको संकेत देखिन्छ।

# ३. बजेट भर्सेस खर्च विश्लेषण

## ३.१ मासिक बजेट खर्चको प्रवृति




*स्रोतः कोष तथा लेखा नियन्त्रक कार्यालय कर्णाली प्रदेश*

आर्थिक वर्ष २०८१/८२ को कर्णाली प्रदेश सरकारको मासिक बजेट खर्चको प्रवृत्ति हेर्दा मंसिरसम्म निकै सुस्त र मंसिरदेखि चैतसम्म पनि गुणात्मक रुपमा पुँजीगत खर्च बढ्न सकेको देखिँदैन । पुँजीगत खर्चको ग्राफ चैत महिनामा भने ५.७५ प्रतिशतले बढेको छ। तर मासिक रुपमा चालुखर्च बढ्दो दरमा बढेको देखिन्छ । तेस्रो त्रैमासिकसम्म आइपुग्दा सबैभन्दा ठुलो पुँजीगत खर्च भएको यहि चैत महिना देखिन्छ । फागुन महिनामा ४.४२ प्रतिशित पुँजीगत बजेट कार्यान्वयन भएको देखिन्छ।

सबैभन्दा कम पुँजीगत बजेट कार्यान्वयन भएको साउन महिनामा ०.००२ प्रतिशत पुँजीगत बजेट कार्यान्वयन भएको थियो। प्रदेश सरकारले आर्थिक वर्ष २०८१/८२ को चैत मसान्तसम्म अर्थात् नौ महिनाको अवधिमा जम्मा २०.९४ प्रतिशत पुँजीगत बजेटमात्रै कार्यान्वयन गरेको छ। तर सो अवधिमा चालु खर्च भने निरन्तर बढिरहेको छ। सञ्चालन खर्च बढेको भएतापनि सो अनुपातमा विकास खर्च बढ्न नसक्नुले प्रदेश सरकारको वित्तिय कार्यसम्पादनमा समस्या रहेको संकेत गर्छ। नौ महिनाको उक्त अवधिमा प्रदेश सरकारको चालु खर्च ३८.४३ प्रतिशत पुगेको छ। यदि कुसल प्रणाली हुने हो भने सरकारले खर्च त गर्न सक्दो नै रहेछ भन्ने कुरा त चालु खर्चको गुणात्मक वृद्धीको निरन्तरताले देखाउँछ। त्यस कारण प्रदेश सरकारले पहिलो, दोस्रो र तेस्रो त्रैमासिकमा पुँजीगत बजेट न्यून कार्यान्वयन हुनुको कारणहरुको अध्ययन गरी त्यसको समाधानका लागि काम गर्न आवश्यक देखिन्छ।

## ३.२ तेस्रो त्रैमासिकको बजेट खर्च (माघ-चैत)


| विवरण | समग्र बजेट | पुँजीगत बजेट | चालु बजेट |
|---|---|---|---|
| कुल बजेट विनियोजन (रु. हजारमा) | ३१,४१,००,४१ | १८,७५,५१,६८ | १२,४०,४८,७३ |
| तेस्रो त्रैमासिक सम्म खर्च (रु. हजारमा) | ८,६८,८५,०६ | ३,९३,२४,७६ | ४,७५,६०,२९ |
| तेस्रो त्रैमासिक खर्च (रु. हजारमा) | ३,९३,३७,४५ | २,२६,३१,१७ | १,६७,१६,२८ |

*स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश*

कर्णाली प्रदेश सरकारले आर्थिक वर्ष २०८१/८२ को चैत मसान्त सम्म अर्थात् तेस्रो त्रैमासिक सकिंदा समग्रमा ८ अर्ब ६८ करोड ८५ लाख ६ हजार रुपैयाँ खर्च गरेको छ। यस अवधिमा विकस बजेट अर्थात् पुँजीगत खर्च ३ अर्ब ९३ करोड २४ लाख ९६ हजार र चालु खर्च ४ अर्ब ७५ करोड ६० लाख २९ हजार रुपैयाँ खर्च गरेको छ। यसलाई हेर्दा प्रदेश सरकार र मातहतका निकायहरुले यस अवधिमा पुँजीगत बजेटको तुलनामा चालु बजेट धैरै मात्रामा खर्च गरेका छन्। अर्थात् सञ्चालन खर्च विकास खर्चको तुलनामा धैरै रहेको पाइयो। तेस्रो त्रैमासिक अर्थात् माघ देखि चैत मसान्तसम्म समग्रमा ३ अर्ब ९३ करोड ३७ लाख ४५ हजार बजेट खर्च भएको देखिन्छ। यो तीन महिनाको अवधिमा प्रदेश सरकारले २ अर्ब २६ करोड ३१ लाख १७ हजार पुँजीगत बजेट खर्च हुँदा १ अर्ब ६७ करोड १६ लाख २८ हजार चालु बजेट खर्च भएको छ। यो त्रैमासिकमा भने चालु खर्चभन्दा पुँजीगत खर्च केही मात्रामा बढी भएपनि गुणात्मक रुपमा बढी भएको भने देखिँदैन।

प्रदेश सरकारले आर्थिक वर्ष २०८१/८२ को नौ महिना अर्थात् चैत मसान्तसम्म कुल बजेटको समग्रमा २७.६६ प्रतिशत कार्यान्वयन गरेको छ। जसलाइ सन्तोषजनक बजेट खर्चको गति मान्न सकिंदैन। किनभने सोही अवधिमा चालु बजेट ३८.४३ प्रतिशत खर्च हुँदा पुँजीगत बजेट जम्मा २०.९४ प्रतिशत खर्च भएको छ। कम्तिमा पनि विकास बजेट चालु खर्चकै गतिमा बढ्न सकेको भए पनि केही सन्तोषजनक स्थिति देखिन्थ्यो।

**आर्थिक वर्ष २०८१/८२ को पहिलो-तेस्रो त्रैमासिक खर्च (%)**




*स्रोतः कोष तथा लेखा नियन्त्रक कार्यालय कर्णाली प्रदेश*


प्रदेश सरकारको बजेट खर्चअनुसारको त्रैमासकि खर्च अध्ययन गर्दा पहिलो र दोस्रो त्रैमासिकमा पुँजीगत बजेट खर्चको गति केही बढेको देखिन्छ। यद्यपी तीनवटै त्रैमासिकमा चालु बजेट खर्चको गति भने निरन्तरजस्तै रहेको देखिन्छ। यो तथ्यांकलाई हेर्दा प्रदेश सरकारको प्रशासनिक र नियमित सञ्चालन खर्च निरन्तर भइरहँदा विकास खर्च आर्थिक वर्षको अन्त्यतिर धकेलिइरहेको छ। प्रक्रियागत ढिलाई तथा कानूनी अष्पष्टताहरुका कारण विकास बजेटको गतिमा केही अवरोध आएको भएतापनि जुन गतिमा विकास बजेटको कार्यान्वयन बढ्नुपर्ने हो सो गतिमा बढ्न सकेको देखिँदैन।


प्रदेश सरकारले पहिलो त्रैमासिकमा ११.८२ प्रतिशत चालु बजेट कार्यान्वयन गरेको थियो भने दोस्रो त्रैमासिकमा १३.०५ प्रतिशत तेस्रो त्रैमासिकमा १३.५६ प्रतिशत चालु बजेट कार्यान्वयन गरेको छ।

पहिलो त्रैमासिकमा ४.०६ प्रतिशत पुँजीगत बजेट कार्यान्वयन गरेको प्रदेश सरकारले दोस्रो त्रैमासिकमा सोही हाराहारी अर्थात् ४.८४ प्रतिशत र तेस्रो त्रैमासिकमा भने केहि गति बढाएर १२.०४ प्रतिशत बजेट कार्यान्वयन गरेको देखिन्छ। यो तथ्यांकले प्रदेश सरकारले पहिलो र दोस्रो त्रैमासिक अर्थात् आर्थिक वर्षको ६ महिनासम्म समेत न्यून बजेट कार्यान्वयन गरेको र तेस्रो त्रैमासिकबाट केही गति बढाउन खोजेको देखाउँछ। आर्थिक वर्षको पहिलो, दोस्रो र तेस्रो (आर्थिक वर्षको नौ महिना) त्रैमासिकमा हुने न्यून पुँजीगत खर्चको समस्या समाधानका लागि त्रैमासिक बजेट कार्यान्वयन कार्यतालिका निर्माण गरी सोको प्रभावकारी कार्यान्यन आवश्यक हुन्छ।

## ३.३ त्रैमासिक बजेट खर्चको अघिल्ला चार आर्थिक वर्षको तुलना

प्रदेश सरकारको बजेट कार्यान्वयनको स्थितिलाई विश्लेषण गर्दा विगतको बजेट कार्यान्वयनको स्थिति विश्लेषण गर्नु निकै नै महत्वपुर्ण रहन्छ । सोअनुसार प्रदेश सरकारले चालु सहित चार आर्थिक वर्षमा (२०७८/७९ देखि २०८१/८२ सम्म) कुन प्रवृत्तिमा बजेट कार्यान्वयन गरिरहेको छ हेरौः




*स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश*

कर्णाली प्रदेश सरकारले विगतका आर्थिक वर्षहरुमा समेत चालु खर्चलाई नियमित दरमा खर्च गरेको देखिन्छ । आर्थिक वर्ष २०७८/७९ देखि २०८१/८२ सम्म आइपुग्दा हरेक आर्थिक वर्षको तेस्रो त्रैमासिकसम्म आइपुग्दा चालु बजेट खर्च बढेको देखिन्छ । जस्तो आर्थिक वर्ष २०७८/७९ मा २७.८ प्रतिशत चालु बजेट तेस्रो त्रैमासिकसम्म खर्च भएकोमा २०७९/८० मा ३२.९६ प्रतिशत, २०८०/८१ मा ३४.९८ र २०८१/८२ मा ३८.४३ प्रतिशत चालु बजेट कार्यान्वयन गरेको देखिन्छ ।

तर सोही आर्थिक वर्षहरुमा तेस्रो त्रैमासिक अर्थात् चैत मसान्तसम्म पुँजीगत बजेट खर्चमा भने तुलनात्मक सुधार भएको देखिँदैन । आर्थिक वर्ष २०७९/८० मा चैत मसान्तसम्म २२.१२ प्रतिशत पुँजीगत बजेट कार्यान्वयान भएको थियो । जुन यी चार आर्थिक वर्षहरुमध्ये उच्च हो । चार वर्षको बजेट खर्चको अध्ययन गर्दा प्रदेश सरकारको पुँजीग बजेट खर्च चैत मसान्तसम्म २० प्रतिशतकै आसपासमा रहेको देखिन्छ ।

चार आर्थिक वर्षको तेस्रो त्रैमासिकमा चालु बजेट १३ प्रतिशतको आसपासमा खर्च भएको देखिन्छ भने सो अवधिमा पुँजीगत बजेट १२ प्रतिशतको आसपासमा खर्च भएको देखिन्छ । चालु खर्चको तुलनामा पुँजीगत खर्चको अवस्था तेस्रो त्रैमासिकमा पुगेपछि मात्रै सुधार भएको देखिन्छ । किनभने पहिलो त्रैमासिकमा चालु बजेट ११ प्रतिशतसम्म पुग्दा पुँजीगत बजेट ४ प्रतिशतमै सिमित भएको थियो । दोस्रो त्रैमासिकमा पनि चालु बजेट १३ प्रतिशतसम्म कार्यान्वयन हुँदा पुँजीगत बजेट ४ प्रतिशतमै समित रहेको थियो। । यो अवस्थाले बजेट तर्जुमा मात्र नभई त्यसको प्रभावकारी कार्यान्वयनमा पनि ध्यान दिन आवश्यक रहेको देखाउँछ । गुणात्मक रूपमा खर्चको गति नबढेसम्म प्रदेशको विकास र सेवाप्रवाहमा अपेक्षित सुधार हासिल

गर्न गाह्रो हुने देखिन्छ । प्रदेश सरकारले बजेट कार्यान्वयनको प्रभावकारिता र समयमै विकास योजनाको कार्यान्वयन लाई प्राथमिकतामा राख्दै संस्थागत शुसासन र कार्यान्वयन दक्षतामा जोड दिनु आवश्यक छ ।


## ३.४ बजेट भर्सेस खर्च (मन्त्रालय/निकाय अनुसार)

| मन्त्रालय/निकाय | चालु खर्च | | | | | | पूँजीगत खर्च | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | विनियोजित बजेट (रु. हजारमा) | तेस्रो त्रैमासिक सम्म खर्च (रु. हजारमा) | तेस्रो त्रैमासिक सम्म खर्च (%) | पहिलो त्रैमासिक खर्च (%) | दोस्रो त्रैमासिकमा भएको खर्च (%) | तेस्रो त्रैमासिकमा भएको खर्च (%) | विनियोजित बजेट (रु. हजारमा) | तेस्रो त्रैमासिक सम्म खर्च (रु. हजारमा) | तेस्रो त्रैमासिक सम्मको खर्च (%) | पहिलो त्रैमासिक खर्च (%) | दोस्रो त्रैमासिकमा भएको खर्च (%) | तेस्रो त्रैमासिकमा भएको खर्च (%) |
| प्रदेश व्यवस्थापिका | १३६३५० | ७२४०३.३१ | ५३.१० | १८.५२ | १४.३८ | २०.२० | ८६५० | ३५७९.८०७ | ४१.३९ | २८.४९ | ९.७५ | ३.१४ |
| प्रदेश लोक सेवा आयोग | ९७००० | ५६९९४.६७८ | ५८.७६ | १७.११ | १८.३३ | २३.३२ | २००० | २.६२३ | ०.१३ | ०.०० | ०.०० | ०.१३ |
| मुख्य न्यायाधिवक्ताको कार्यालय | १७२०० | ११२१२.८२ | ६५.१९ | २३.४५ | १७.८० | २३.९४ | ५०० | ४९१.२१२ | ९८.२४ | ०.०० | ०.०० | ९८.२४ |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २९२७५२ | ८५१५०.६९ | २६.५५ | ८.१८ | ६.०४ | १२.३३ | ८८५३८ | ३४२०३.५७१ | ३८.६३ | ५.४९ | ०.५५ | ३२.५९ |
| आर्थिक मामिला तथा योजना मन्त्रालय | १६२२०६ | ७९०७७.८६ | ४८.७५ | १६.५१ | १६.०५ | १६.१९ | १३१४९ | १०४१२.६२६ | ७९.१९ | ४३.८२ | २६.३५ | ९.०२ |
| उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | ८२९८२५ | ४३७६५९.०२ | ५२.७४ | १६.४० | १६.५१ | १९.८३ | १११४९६१ | १४७१८८.१३८ | १३.२० | १.६० | ३.११ | ८.४९ |
| जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय | २५९४१३ | १२५५३३.१४ | ४८.३९ | १७.४३ | १४.४४ | १६.५२ | २६०९००३ | ५७१६६५.५५६ | २१.९१ | २.३३ | ३.३५ | १६.२३ |
| भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | १३७२०६६ | ४२०१४०.६७ | ३०.६२ | ७.२७ | १०.८१ | १२.५४ | ४९५१५० | ११३५३३.०२७ | २२.९३ | २.४२ | २.४९ | १८.०२ |
| आन्तरिक मामिला तथा कानून मन्त्रालय | २५२३०० | ३९१९४.८५ | १५.५४ | २.७४ | २.७७ | १०.०३ | ४४१४० | ३१८३.७०५ | ७.२१ | १.८७ | ०.०६ | ५.२९ |
| भौतिक पूर्वाधार विकास मन्त्रालय | २८७२१५ | १४५२६६.७३ | ५०.५८ | १८.२१ | १६.५९ | १५.७८ | १०१७८२२४ | २३४०५१७.५३० | २३.०० | ४.०१ | ६.०० | १२.९८ |
| सामाजिक विकास मन्त्रालय | २९९६४६५ | १४०५५०८.३१ | ४६.९१ | १४.५० | १५.५० | १६.९१ | २७२७८५३ | ७०६८६१.७६९ | २५.९१ | ९.१५ | ५.७७ | १०.९९ |
| कर्णाली प्रदेश योजना आयोग | ४०५०० | १३००८.२३ | ३२.१२ | ११.४५ | ११.७२ | ८.९५ | १००० | ८३७.४०८ | ८३.७४ | ०.०० | ६२.०८ | २१.६६ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| अर्थ - वित्तीय व्यवस्था | ० | ० | ०.०० | ०.०० | ०.०० | ०.०० | ० | ०.००० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| अर्थ - विविध | ८००००० | ० | ०.०० | ०.०० | ०.०० | ०.०० | १५०००००० | ०.००० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| स्थानीय तह | ४८३३५८१ | १८६४८७८.७४ | ३८.५८ | १२.१५ | १४.२२ | १२.२१ | ० | ०.००० | ०.०० | ०.०० | ०.०० | ०.०० |


*स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश*

## निकायगत चालु खर्च




*स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश*

## निकायगत पुँजीगत खर्च अवस्था




*स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश*

आर्थिक वर्ष २०८१/८२ को कुल विनियोजित बजेटको एकतिहाई अर्थात् ३३.३२ प्रतिशत बजेट ओगटेको भौतिक पूर्वाधार विकास मन्त्रालयले तेस्रो त्रैमासिक सकिँदा जम्मा २३ प्रतिशत पुँजीगत बजेट कार्यान्वयन गरेको छ। भौतिक पूर्वाधार विकास मन्त्रालयले तेस्रो त्रैमासिकमा १२.९८ प्रतिशत पुँजीगत बजेट कार्यान्वयन गरेको छ । यस मन्त्रालयले पहिलो र दोस्रो त्रैमासिकको तुलनामा तेस्रो त्रैमासिकमा पुँजीगत बजेट कार्यान्वयनको गति बढाएको छ। यद्यपी उयो गति प्रभावकारी बजेट कार्यान्वयनका लागि भने प्रयाप्त होइन।प्रदेश सरकारको कुल विनियोजित बजेटमा दोस्रो ठुलो हिस्सा अर्थात् १८.२२ प्रतिशत ओगट्ने सामाजिक विकास मन्त्रालयले तेस्रो त्रैमासिकसम्म २५.९१ प्रतिशत पुँजीगत बजेट कार्यान्वयन गरेको छ। यस मन्त्रालयले पहिलो त्रैमासिकमा ९.१५, दोस्रो त्रैमासिकमा ५.७७ र तेस्रो त्रैमासिकमा १०.९१ प्रतिशत पुँजीगत बजेट कार्यान्वयन गरेको हो।

कुल बजेटको ५.९४ प्रतिशत हिस्सा ओगट्ने भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले २२.९३ प्रतिशत विकास बजेट कार्यान्वयन गरेको छ। उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले चैत मसान्तसम्म ५२.७४ प्रतिशत चालु बजेट कार्यान्वयन गर्दा १३.२ प्रतिशत पुँजीगत बजेटमात्र कार्यान्वयन गरेको छ। सो मन्त्रालययले आर्थिक वर्षको कुल बजेटको ६.१९ प्रतिशत हिस्सा ओगट्छ। कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०८१/८२ को बजेटमा स्थानीय तहहरुले पाउने अनुदानको हिस्सा १५.३९ प्रतिशत थियो। स्थानीय तहहरुले तेस्रो त्रैमासिक अर्थात् चैत मसान्तसम्म ३८.५८ प्रतिशत चालु र पुँजीगत बजेट शून्य खर्च गरेको देखिन्छ। यसले के देखाउँछ भने स्थानीय तहहरुमार्फत खर्च हुने प्रदेशको पुँजीगत बजेट चौथो त्रैमासिकमै केन्द्रीत हुने रहेछ। यसले समेत प्रदेश सरकारको बजेट कार्यान्वयनको प्रभावकारितामा समेत असर गरेको देखिन्छ।

त्यसैगरी अर्थ विविधमा कुल बजेटको ७.३२ प्रतिशत बजेट विनियोजन गरिएको छ। सो बजेट भनेको अत्यावश्यक अवस्थामा खर्च गर्नेगरी विनियोजन गरिएको हुन्छ । यस्तो बजेट आफु अनुकुल रकमान्तरका लागि प्रयोग गर्न ठुलो मात्रामा राख्ने गरिएको हुन्छ। अर्थ विविधको मात्रा ठुलो हुँदा समेत प्रदेशको बजेट खर्चको गति गुणात्मक रुपमा बढ्नमा असर गर्ने देखिन्छ। यसर्थ अर्थ विविधजस्ता बजेटको मात्रामा केही घटाई निश्चित गर्न आवश्यक देखिन्छ।

उल्लेखित तथ्यांकहरु हेर्दा निकायहरुको बजेट खर्च क्षमता कम भएको देखिन्छ। यसरी हेर्दा निकायगत रुपमा बजेट कार्यान्वयन क्षमता बढाउन आवश्यक देखिन्छ । यसका साथै निकायगत बजेट कार्यान्वयन कार्ययोजनाको प्रभावकारी निर्माण र कार्यान्वयनलाई संस्थागत गर्न आवश्यकता देखिन्छ। अन्यथा राजनीतिक अस्थिरता र प्रशासनिक उतारचढावले समेत बजेट कार्यान्वयनलाई असर पार्ने जोखिम देखिन्छ। तर, राम्रो सार्वजनिक वित्तीय व्यवस्थापन प्रणाली केही व्यक्तिहरूको नेतृत्व/जिम्मेवारीकर्ताहरुबाट निर्देशित नभई कानून, प्रणाली र संस्थाहरूद्वारा निर्देशित हुनुपर्छ।

# ४. बजेट प्रतिवद्धता कार्यान्वयन स्कोरकार्ड

कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०८१/८२ को बजेट वक्तव्यमा उल्लेख गरिएका बजेट कार्यान्वयन प्रतिवद्धताहरुको कार्यान्वनको अवस्थालाई तपशिलबमोजिम विश्लेषण गरिएको छ ।

| क्र.सं. | बजेट प्रतिवद्धता | प्रारम्भिक अंक | प्रतिवद्धताको अंक | भारित अंकभार |
|---|---|---|---|---|
| १ | १९६. प्रदेश सरकारले सञ्चालन गर्ने आयोजनाहरूलाई यथार्थपरक, आवश्यकतामा आधारित, व्यवस्थित, वस्तुपरक तुल्याउन परियोजना व्यवस्थापन सम्बन्धी छुट्टै ऐन निर्माण गरिनेछ । आयोजना व्यवस्थापनलाई संस्थागत र प्रणालीबद्ध गर्न प्रदेश आयोजना बैड्क स्थापना र सञ्चालनमा ल्याइनेछ । | ०.५ | ६.२५ | ३.१२५ |
| २ | १९७. सीमित स्रोत साधनलाई प्राथमिकतापूर्ण क्षेत्रमा उच्चतम् प्रयोग गर्न प्रदेश सरकारको नीति, योजना, बजेट तथा कार्यक्रमबिचको तादात्म्यता कायम गर्न मध्यमकालीन खर्च संरचना तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गरिनेछ । | १ | ६.२५ | ६.२५ |
| ३ | १९८. प्रदेश सरकारको बजेटबाट उपभोक्ता समितिमार्फत सञ्चालन हुने आयोजनामा जनप्रतिनिधि, निजका परिवार, निर्माण व्यवसायी र राष्ट्रसेवक कर्मचारी उक्त समितिमा बस्न नपाउने व्यवस्था मिलाएको छु । | १ | ६.२५ | ६.२५ |
| ४ | १९९. बजेट वक्तव्यमा उल्लिखित कार्यक्रमहरूको कार्यान्वयन कार्ययोजना साउन मसान्तभित्र तयार गरिनेछ । बजेट कार्यान्वयन प्रक्रियालाई शीघ्र र व्यवस्थित गर्न मापदण्ड, कार्यविधि, निर्देशिका लगायतका आवश्यक कानुनहरू पहिलो त्रैमासिकभित्र तर्जुमा गरिने छ। | १ | ६.२५ | ६.२५ |
| ५ | २००. बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रम तथा रू. १० करोडभन्दा बढी रकम विनियोजन भएका कार्यक्रम र आयोजनाको कार्यान्वयनको प्रभावकारिता बढाउन आर्थिक मामिला तथा योजना मन्त्रालयमा चौमासिक रुपमा मूल्याङ्कन गर्ने व्यवस्था मिलाइनेछ । | १. | ६.२५ | ६.२५ |
| ६ | २०२. योजना तथा विकास सम्बन्धी विषयहरूमा अध्ययन र अनुसन्धान गरी सरकारलाई प्रतिवेदन गर्न कर्णाली प्रदेश योजना आयोगको संरचनागत सुधार, क्षमता विकास तथा स्रोत साधन सम्पन्न गरी बौद्धिक समूह (थिड्क टयाड्क)को रुपमा विकास गरिनेछ । | ०.५ | ६.२५ | ३.१२५ |
| ७ | २०३. प्रदेश सरकारको विकास प्रक्रियामा आमनागरिक तथा जनप्रतिनिधिको चासो र अपेक्षा मूखरित गराउने ध्येयले सरकारी बजेट तथा योजना प्रक्रियामा प्रदेश सांसदको भूमिका र योगदानलाई सुसूचित गरिनेछ। | ०.५ | ६.२५ | ३.१२५ |
| ८ | २०४. प्रदेश सरकारको आर्थिक कार्यप्रणालीलाई व्यवस्थित गर्न र वित्तीय व्यवस्थापनमा संलग्न पदाधिकारी तथा कर्मचारीको अधिकार, जिम्मेवारी र उत्तरदायित्व निर्धारण गर्न आगामी आर्थिक वर्षभित्र कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विधेयक तयार गरी कर्णाली प्रदेशसभामा पेस गरिनेछ । | १. | ६.२५ | ६.२५ |
| ९ | २०५. प्रदेश बेरुजु व्यवस्थापन सूचना प्रणालीलाई पूर्णरुपमा कार्यान्वयन गरी बेरुजु फर्स्यौटको लागि लेखा उत्तरदायी अधिकृतलाई जिम्मेवार र जवाफदेही बनाइनेछ। आगामी आर्थिक वर्षमा अत्यावश्यक बाहेक थप आर्थिक दायित्व सिर्जना हुने गरी नयाँ संरचनाहरू स्थापना गरिने छैन । | ०.५ | ६.२५ | ३.१२५ |

| | | | | |
|---|---|---|---|---|
| १० | २०६. वित्तीय जोखिम (फिउडिसियरी रिस्क) र वित्तीय श्राव (फिस्कल ब्लिडिङ) नियन्त्रण गरी वित्तीय सुशासन कायम गर्नका लागि कर्णाली प्रदेश वित्तीय जोखिम मूल्याङ्कन कार्यविधि परिमार्जन गरी कार्यान्वयनमा ल्याइनेछ। | ०.५ | ६.२५ | ३.१२५ |
| ११ | २०७. पन्ध्र लाख भन्दा बढी लागत अनुमानका आयोजना उपभोक्ता समितिबाट कार्यान्वयन गर्दा स्थानीय तहमा उपभोक्ता समिति दर्ता गरी स्थायी लेखा नम्बर लिनुपर्ने व्यवस्थालाई अनिवार्य गरेको छु। यसबाट विद्यमान उपभोक्ता समितिमार्फत सञ्चालन हुने आयोजनामा रहेका विकृति, विसङ्गति तथा वित्तीय सुशासन जोखिम न्यून हुने विश्वास लिएको छु। | ०.५ | ६.२५ | ३.१२५ |
| १२ | २०८. पर्याप्त स्रोतको उपलब्धता बिना नै बहुवर्षीय ठेक्काको स्रोत सहमति दिने प्रवृत्तिको अन्त्य गरिनेछ। स्रोत सहमति माग गरेको आर्थिक वर्षमा आयोजनाका लागि विनियोजित रकमको अधिकतम चारगुणा भन्दा बढ़ी नहुने गरी बढीमा तीन वर्षको लागि स्रोतको सहमति दिने गरी मापदण्डको पूर्ण रुपमा कार्यान्वयन गरिनेछ। | ०.५ | ६.२५ | ३.१२५ |
| १३ | २०९. स्रोत सहमति प्रदान गरेको मितिले ६ महिनाभित्र ठेक्का सम्झौता नभएमा त्यस्तो सहमति स्वतः खारेज भएको मानिनेछ। यस अघि सहमति दिइएका मध्ये छ महिना पूरा भइ हालसम्म बोलपत्र आहवान नभएका तथा आगामी वर्षको बजेटमा विनियोजन प्रस्ताव नगरिएका आयोजनाहरूको स्रोत सुनिश्चितता सहमति यसै बजेटमार्फत खारेज गरेको छु। | ०.५ | ६.२५ | ३.१२५ |
| १४ | २१०. प्रदेशभित्रका आयोजना कार्यान्वयनका लागि बजेट विनियोजन भएका आयोजनाको पहिलो चौमासिक अवधिभित्र खरिद प्रक्रिया सुरू गरिसक्नु पर्नेछ। सो समयावधिमा ठेक्का प्रक्रिया अगाडि नबढेको कार्यक्रममा विनियोजित रकम रोक्का गर्न सकिनेछ। तोकिएका लक्ष्य समयमा नै हासिल गर्ने निकायलाई पुरस्कृत गर्ने र नगर्नेलाई दण्डित गर्ने नीति अवलम्बन गरिनेछ। | ०.५ | ६.२५ | ३.१२५ |
| १५ | २११. बजेटमा विनियोजन कुशलता कायम गरी कार्यान्वयनप्रति जवाफदेही बनाउन मन्त्रालयमा एकमुष्ट रकम विनियोजन गर्ने प्रवृत्तिलाई निरूत्साहित गर्नुका साथै रकमान्तर तथा कार्यकम संशोधन गर्ने प्रवृत्तिमा सुधार ल्याइनेछ। आगामी आर्थिक वर्षको असोज महिनासम्म एवम् असार महिनामा रकमान्तर तथा कार्यक्रम संशोधन गरिने छैन। कुनै एक स्थानीय तहमा हस्तान्तरण भएको रकम अन्य स्थानीय तहमा रकमान्तर तथा कार्यक्रम संशोधन गरिने छैन। | ०.५ | ६.२५ | ३.१२५ |
| १६ | २१२. ठुला र रणनीतिक महत्त्वका विकास आयोजनाहरूको कार्यान्वयनको प्रक्रियामा हुने अवरोध हटाउँदै सहजीकरण गरी तीव्रता दिन स्वतन्त्र तथा विज्ञ तेस्रो पक्ष संलग्न हुने गरी तेस्रो पक्ष मूल्याङ्कन पद्धतिलाई अवलम्बन गरिनेछ। | ०.५ | ६.२५ | ३.१२५ |
| **कुल** | | | | **६५.६२५** |

**स्कोर कार्ड विधि अनुसूची १ मा राखिएको छ।*

माथी प्रदेश सरकारको बजेट कार्यान्वयन प्रभावकारिताहरु सम्बन्धमा विश्लेषण गर्दा प्रदेश सरकारले दोस्रो त्रैमासिकमै सबै प्रतिवद्धताहरु कार्यान्वयन सुरु गरेको देखिन्छ। यसरी उक्त प्रतिवद्धताहरुको कार्यान्वयन स्थितिलाई स्कोरकार्डमा हेर्दा दोस्रो त्रैमासिकमा ६५.६२५ अंक प्राप्त गरेको छ। तेस्रो त्रैमासिकसम्ममा १६ वटा प्रतिवद्धताहरुमध्ये ५ वटा प्रतिवद्धताहरु पुर्ण रुपमा कार्यान्वयन भएका छन् भने ११ वटा प्रतिवद्धताहरु कार्यान्यवयन सुरु भएका छन्। कार्यान्वयनमा गएका ११ वटै प्रतिवद्धताहरुको पुर्ण कार्यान्वयनको अवस्था मापन गर्नका लागि आर्थिक वर्षको अन्त्यसम्म कुर्नुपर्ने भएकोले दोस्रो देखि तेस्रो त्रैमासिकको स्कोरकार्डको अंक तुलनात्मक रुपमा बढ्न सकेको छैन। प्रदेश सरकारले यस आर्थिक वर्षमा बजेट कार्यान्वयन प्रभावकारीता वृद्धि गर्नका लागि गरेका बाचाहरुको कार्यान्वयन सकारात्मक देखिएको छ।

# ५. चुनौतीहरू

कर्णाली प्रदेश सरकारको २०८१/८२ को तेस्रो त्रैमासिक बजेट समिक्षा अध्ययनका आधारमा बजेट कार्यान्वयनका मुख्य चुनौतीहरू तपशिलबमोजिम रहेको विश्लेषण गरिएको छ। जसले गर्दा प्रदेशको बजेट कार्यान्वयनको प्रभावकारिता घटाउने र विकास योजनाको गति सुस्त हुने गरेको देखिन्छ।

## क. संरचनागत चुनौतीहरू

- बजेट धेरै साना–साना कार्यक्रमहरुमा बाँडिनु: जब बजेट धेरै साना योजनामा बाँडिन्छ, सबै ठाउँमा थोरै स्रोत पुग्छ, तर कुनैपनि काम प्रभावकारी रूपमा सम्पन्न हुँदैन। जस्तो कि, सडक, स्वास्थ्य चौकी, सिंचाइ आदि सबैका लागि छुट्टाछुट्टै योजना बनाइए पनि कुनैपनि योजना ठोस रुपमा सम्पन्न नहुने जोखिम रहन्छ।
- परियोजना व्यवस्थापन ऐन र आयोजना बैंकको अभाव: ठूला योजनाहरू चलाउन कानुनी आधार चाहिन्छ, तर "आयोजना व्यवस्थापन ऐन" अझै बनेको छैन। त्यसैले ठूला आयोजना सुरु गर्दा 'कसरी गर्ने?', 'कसले गर्ने?' भन्ने स्पष्ट हुन सकेको छैन। यस्तै, आयोजना बैंक, जसले राम्रा योजना छनोट गरेर प्राथमिकता दिनुपर्ने हो, त्यो संस्थागत रूपमा अझै कमजोर छ।
- निर्देशिका, कार्यविधि अभाव: सरकारले ठूला विकास योजना व्यवस्थित बनाउन मापदण्ड, कार्यविधि बनाउने भनिए पनि पहिलो त्रैमासमा ती तयार भएनन्। यसले आयोजना अघि बढाउन चुनौतीपूर्ण भएकोछ ।
- राजनीतिक र प्रशासनिक अस्थिरता: सरकार परिवर्तन, सचिवहरूको सरुवा, वा मन्त्रीहरूको कार्यशैली बदलिँदा निरन्तरता भंग हुन्छ। यस्तो अवस्थामा नीति बने पनि कार्यान्वयन गर्ने व्यक्ति नहुँदा वा बदली हुँदा काम थाल्न ढिलाइ हुने हुन्छ।

## ख. प्रक्रियागत ढिलाइ

ठेक्का र खरिद प्रक्रिया समयमा नहुनु: कानुन अनुसार खरिद/ठेक्का प्रक्रिया सुरू गर्नुपर्ने स्पष्ट म्याद भए पनि त्यसमा ढिलाइ भएको छ। ढिलाइ हुँदा निर्माण वा योजना समयमै सुरु हुँदैन, जसको असर बजेट खर्चमा देखिने गरेकोछ ।

भौतिक पूर्वाधारमा ठूलो बजेट तर काम सुरु नभएको: भौतिक पूर्वाधार मन्त्रालयले कुल बजेटको एकतिहाइ पाएको छ, तर दोश्रो त्रैमासमा केवल ६% मात्रै खर्च भएको छ। यस्तो स्थिति हुँदा समग्र बजेट कार्यान्वयन दर निकै कमजोर देखिन्छ।

निर्णय प्रक्रियामा ढिलाइ: बजेट कार्यान्वयनमा कहिलेकाहीँ मन्त्री, सचिव, वा समितिको निर्णय आवश्यक पर्छ। यस्ता निर्णयमा ढिलाइ हुँदा आयोजना अघि बढ्न सक्दैन।

## ग. सीमित क्षमता

- प्राविधिक र संस्थागत क्षमता कमजोर: बजेट कार्यान्वयनको समीक्षा गर्दा कर्णालीका धेरै निकायहरूसंग आफूलाई दिइएको बजेट खर्च गर्न आवश्यक पर्ने प्रकारको क्षमता नरहेको हो की भन्ने देखिन्छ। यसमा योग्य प्राविधिक कर्मचारी र योजना व्यवस्थापन गर्न सक्ने संरचनाको पर्याप्तता पनि झल्किन्छ।

- आन्तरिक स्रोत कमजोर: चालु आर्थिक वर्षको बजेट संरचनाअनुसार कर्णाली प्रदेश सरकारको बजेटको २.६६% हिस्सामात्रै आन्तरिक आय हुने अनुमान गरिएको छ। यसो हुँदा बजेटमा सरकार र नागरिक दुवैको स्वामित्व कमजोर हुने जोखिम बढ्छ, जसले बजेट कार्यान्वयनमा गम्भीरता र उत्तरदायित्वको भावना घटाउँछ। संघीय सरकारबाट आउने ठूलो परिमाणको अनुदानले नागरिकलेनै प्रदेश सरकारलाई जवाफदेही बनाउने पक्ष पनि कमजोर भएर जाने जोखिम हुन्छ । साथै, जब बजेटको ठूलो हिस्सा बाह्य स्रोतमा निर्भर हुन्छ, ती स्रोतहरूबाट ढिलाइ भएमा योजनाहरू सुरु गर्न समयमै सकिँदैन, जसले फेरी बजेट कार्यान्वयनको गति र प्रभावकारिता दुवै घटाउँछ।

## घ. समन्वयको अभाव

- योजना आयोग, आर्थिक मामिला मन्त्रालय र अन्य मन्त्रालयबीच समन्वय कमजोर: दोश्रो त्रैमासको समीक्षाले योजना बनाउने (योजना आयोग), बजेट दिने (आर्थिक मामिला मन्त्रालय), र कार्यान्वयन गर्ने (विषयगत मन्त्रालय) निकायबीचको समन्वय कमजोर भएको संकेत गर्छ।

- नियमित अनुगमनको अभाव: कार्यक्रम कति सम्पन्न भयो? खर्च कति भयो? जस्ता विवरण नियमित समीक्षा हुने व्यवस्थालाई प्रदेश्ले संस्थागत गर्न सकेको छैन। अनुगमन नगर्दा काम कति प्रभावकारी भयो भन्ने थाहा नहुने मात्र नभई के-के पक्षमा सुधारको खाँचो छ भन्ने पनि समयमै निक्यौंल हुँदैन।

# ६. सुझावहरु

| छोटो अवधिमा गर्न सकिने (Short-term Recommendations) | | |
|---|---|---|
| **सुझाव** | **तर्क** | **जिम्मेवार निकाय** |
| चालु आर्थिक वर्षका योजनाहरूको समयमै ठेक्का प्रक्रिया अगाडि बढाउने। | त्रैमासिक खर्च बढाउन ठेक्का सम्झौता प्रारम्भिक चरणमै आवश्यक। | विषयगत मन्त्रालय |
| त्रैमासिक बजेट कार्यान्वयन कार्यतालिका बनाइ सोअनुसार काम गर्ने। | योजनाहरुको त्रैमासिक कार्यतालिकाअनुसार सम्पन्न गर्दा आर्थिक वर्षको अन्त्यको लागि चाप बढ्दैन। र बजेट कार्यान्वयनको प्रभावकरिता पनि बढ्छ। | आर्थिक मामिला तथा योजना/विषयगत मन्त्रालय |
| **कार्यान्वयनमा रहेका ठूला आयोजनाहरूको दुई हप्तामा एक पटक प्रगति अनुगमन गर्ने विधि निर्माण गर्ने।** | कार्यान्वयन प्रभावकारिता बढ्छ। | प्रदेश योजना आयोग, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| **मध्यम अवधि मा गर्न सकिने (Medium-term Recommendations)** | | |
| **सुझाव** | **तर्क** | **जिम्मेवार निकाय** |
| योजना छनोट प्रणालीलाई वैज्ञानिक, सहभागीतामूलक र तथ्यांकमा आधारित बनाउने। | आवश्यकताअनुसार योजना छनोट हुने र बजेट खर्च समयमै हुन्छ। | प्रदेश योजना आयोग, विषयगत मन्त्रालयहरू |
| योजना अनुगमन संयन्त्रलाई स्वचालित रिपोर्टिङ प्रणालीसहित सक्रिय बनाउने। | तथ्यमा आधारित निर्णय गर्न सहयोग मिल्छ। | प्रदेश योजना आयोग, प्रदेश सभाको सार्वजनिक लेखा समिति |
| आयोजना बैंक स्थापना गरी परिपक्व योजनाहरू मात्र बजेटमा समावेश गर्ने। | तयारी अवस्थामा रहेका योजनाबाट कार्यान्वयन गति तीव्र हुन्छ। | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| आन्तरिक राजस्व वृद्धि गर्ने रणनीति तयार गर्ने। | प्रदेशको बजेटमा आन्तरिक आयको हिस्सा बढी बजेटमा आत्मनिर्भरता बढाउन सहयोग मिल्छ। | आर्थिक मामिला तथा योजना मन्त्रालय/प्रदेश सरकार |
| आयोजना कार्यान्वयनसँग सम्बन्धित कर्मचारीको क्षमता अभिवृद्धि | दक्षता बढेपछि ढिलाइ र त्रुटिहरू कम हुन्छन् | प्रदेश प्रशिक्षण केन्द्र, विषयगत मन्त्रालयहरू |

# अनुसुची:

### *१. बजेट स्कोरकार्ड विधि*

यस स्कोरकार्डमा कर्णाली प्रदेश सरकारले आर्थिक वर्ष २०८१/८२ को बजेट वक्तव्यमा प्रस्तुत गरेका कर्णाली प्रदेश सरकारको बजेट कार्यान्वयन प्रभावकारिता सम्बन्धी १६ वटा प्रतिवद्धताको वास्तविक कार्यान्वयन स्थिति अध्ययन गरिएको छ। जसलाई कुल १६ वटा प्रतिवद्धताहरुलाई कुल अंकभार १०० प्रतिशत मानी हरेकको कुल अंकभार ०.०६२५ (वा ६.२५%) कायम गरिएको छ। प्रारम्भिक अंकको रुपमा उक्त प्रतिवद्धता कार्यान्वयन सुरु नभएको भए शून्य, कार्यान्वयन सुरु भएको भए ०.५ र पुरा भएको भए १ अंक दिइएको छ। ती प्रतिवद्धताहरुको कार्यान्वयनको स्थितिसम्बन्धी जानकारी आर्थिक मामिला तथा योजना मन्त्रालयबाट लिइएको छ।

हामीसँग १६ वटा प्रतिबद्धताहरू भएकाले, प्रत्येक प्रतिबद्धताले १/१६ = ०.०६२५ (वा ६.२५%) भार पाउँछ। भारित स्कोरमा पुग्न हामी प्रारम्भिक स्कोरलाई यो प्रतिबद्धता भारले गुणन गर्छौं।

- त्यसैले, यदि सरकारले केहि पूरा गरेको छ भने, यो १ >> १*०.०६२५ >> ०.०६२५ हो;
- यदि यो प्रगतिमा रहेको कार्य हो भने, यो ०.५ >> ०.५*०.०६२५ >> ०.०३१२५ हुनेछ;
- र यदि यो सुरु भएको छैन भने, यो ० >> ०*०.०६२५ >>० हुनेछ...

सबै भारित अंकहरुको योगफल कर्णाली प्रदेश सरकारको बजेट वक्तव्यमा गरिएको बजेट प्रभावकारीता सम्बन्धी प्रतिवद्धताहरुको विश्लेषण गरिएको त्रैमासिकको अन्त्यसम्मको अन्तिम अंक हुनेछ। यसरी, सम्भावित पूर्ण अंक १, वा १००% हुनेछ। अर्थात् प्रदेश सरकारले आर्थिक वर्षको अन्त्य अर्थात् चौथो त्रैमासिकको अन्त्यसम्म १०० प्रतिशत अंक हासिल गरेमा पूर्ण रुपमा प्रतिवद्धता कार्यान्वयन भएको मानिनेछ।